नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, जुम्ला

अनुसूचि-१
(दफा ७ को उपदफा (२) संग सम्बन्धित)

# कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना नं.:०९

दोस्रोपटक पटक सूचना प्रकाशित मितिः २०८३/०५/२३

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, जुम्लाको चालु आ.व.०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि,२०८२** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो **दोस्रोपटक पटक** सूचना प्रकाशित भएको मितिले **१५ औं** दिन भित्र अर्थात् **मिति २०८३/०६/०९ गते** (अन्तिम दिन बिदा पर्न गएमा कार्यालय खोलेको पहिलो दिन) कार्यालय समय भित्र अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको प्रस्तावको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपशिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूह भित्रका यूवा कृषक | जुम्ला र कालिकोट जिल्ला | **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४** मा उल्लेखभएका बाली/बस्तु तथा मुल्य श्रृखलाका क्षेत्रहरु मध्ये सम्भाव्यता/प्राथमिकताको आधारमा समितिबाट छनौट तथा स्वीकृत भएका तपशिल बमोजिमका बालि/बस्तु क्षेत्रहरु रहने छन।<br>तपशिल<br>• तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण।<br>• तरकारीको बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा बजारीकरण।<br>• मौरीपालन व्यवसाय र मह प्रशोधन।<br>• रैथाने बालीको उत्पादन, प्रशोधन र बजारीकरण।<br>• फलफुल प्रशोधन तथा बजारीकरण।<br>• व्यवसायिक पशुपन्छी, मत्स्यपालन उत्पादन र प्रशोधन। | प्रस्तावको कुल लागतको पचास प्रतिशत वा (४) चार लाख रुपैंया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने । |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

खेम राज शाही
नि. वरिष्ठ कृषि अधिकृत

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि) वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धितसंरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको कानूनी मान्यता प्राप्त हुने सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म लेखा परिक्षण गरि कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु र स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।

(५) समुह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र।

## आवेदन पेश गर्ने कार्यालय

कार्यक्रम कार्यान्वयन एकाइ, जुम्ला।   सम्पर्क नम्वरः ०८७- ५२०६६६   सूचना अधिकारीः ९८४९३५५८२५

नोटः अनुसूचि-२ अनुसारको आवेदन र अनुसूचि-३ अनुसारको कार्यक्रम संन्चालन सम्बन्धी प्रस्तावना पत्र कार्यक्रम कार्यान्वयन एकाइ, जुम्लाको **Website:piu.jumla.pmamp.gov.np** बाट प्राप्त गर्न सकिने छ।